कोरियामा आफ्नो पहिलो कार्यकाल पश्चात ई.पि.एस. अन्तरगत पुन: रोजगारीका लागि आउने ३ विकल्पहरु छन् । पहिलो, ३९ वर्ष उमेर नकटेको र कोरिया रहँदा कुनै गैरकानूनी गतिविधिमा संलग्न नभएको अवस्थामा पि.बि.टि परीक्षा उत्तीण गरी आउन सकिन्छ ।

दोस्रो, ३९ वर्ष नकटेका, गैरकानूनी अभिलेख नभएका र ३ वर्ष काम गरेपछि पुन: बोनस भिषाको अवधि थप भई नेपाल फर्कदा एयरपोर्टस्थित अध्यागमन डेस्कमा एलाइनकार्ड बुझाई फर्केका कामदार सि.बि.टि. परीक्षा उत्तीर्ण गरेर नेपाल फर्केको ६ महिना पछि अर्को एकपटक पुन: कामदारका रुपमा कोरिया आउन सक्छन् । तेस्रो, कम्पनी परिवर्तन नगरी ४ वर्ष १० महिना एउटै कम्पनीमा कार्यरत इमान्दार कामदारलाई कम्पनी व्यवस्थापनले चाहेमा र कानून बमोजिम सो कम्पनीले त्यस्तो सुविधा प्रदान गर्नसक्ने अवस्थामा अर्को एक अवधिका लागि प्रतिबद्ध कामदार (committed worker) का रुपमा श्रम सम्झौता गरी सोही कम्पनीले रोजगार अवसर प्रदान गर्न सक्दछ । त्यस्तो प्रतिबद्ध कामदार नेपाल फर्केको तीन महिना पछि पुन: सोही कम्पनीमा काम गर्न आउन सक्ने व्यवस्था छ ।

**१३. स्वदेश फर्कनु पूर्व भरिने Job Application Form for Employment in Home Country: Form 1 को उद्देश्य के हो ?**

उल्लेखित Form 1 को उद्देश्य गणतन्त्र कोरियामा आफ्नो कार्यावधि समाप्त गरी फर्कन लागेका कामदारहरुको सीप, क्षमता, अनुभव र योग्यताको सूचीकरण गरी स्वदेश फर्केपछि उपलब्ध भएसम्म नेपालस्थित कोरियन कम्पनीहरुमा वा कोरियन भाषा र दक्षता प्रयोग हुनसक्ने सम्बद्ध अन्य उपयुक्त क्षेत्रमा रोजगारकालागि सिफारिश गर्नु हो ।

**१४. स्वदेश फर्कनु पूर्व भरिने Application Form to join in Network of Returnee Workers: Form 2 को उद्देश्य के हो ?**

उल्लेखित Form 2 को उद्देश्य कोरियाबाट फर्केका कामदारहरुको व्यवस्थित अभिलेख तयार गरी उनीहरुलाई भविष्यमा एच.आर.डि कोरिया तथा नेपालस्थित गणतन्त्र कोरियाको राजदूतावास र अन्य निकायहरुले प्रदान गर्ने तालिम, महत्वपूर्ण कार्यक्रम, उत्सव वा अन्य क्रियाकलापहरुमा सहभागिता गराउनु हो ।

**१५. माथि प्रश्न नं १३ र १४ मा भनिएका Form 1 र Form 2 कहाँ र कसरी भर्न सकिन्छ ?**

नेपाली र कोरियन भाषामा उपलब्ध हुने उल्लेखित फारामहरु HRD Korea ले स्वदेश फर्कनु भन्दा तीन महिना अघि नै हुलाक मार्फत सम्बन्धित कामदारले प्राप्त गर्ने गरी पठाउँछ । सो फाराम सम्बन्धित कामदारले स्वदेश फर्कनु अघि नै राम्रोसंग भरेर HRD Korea को फ्याक्स नं (052)714-8580 बाट पठाउनु पर्दछ ।

**१६ .कोरिया रिटर्नीको सूचिमा आबद्ध भए/नभएको कसरी थाहा पाउन सकिन्छ ?**

आफू कोरिया रिटर्नीको सूचिमा आबद्ध भए/नभएको बारेमा ई.पि.एस. सेन्टर नेपालबाट थाहा पाउन सकिन्छ । नेपालमा अंकुर नेपाल जस्ता गैरसरकारी संस्थाहरुबाट समेत यस्ता रिटर्नीहरुलाई संगठित गर्ने प्रयास भएको पाइन्छ । कोरियाबाट फर्केका कामदारहरुले आफूले कोरियामा आर्जन गरेका ज्ञान, सीप, अनुभव र पूँजीको परिचालन गरी विभिन्न उत्पादनमुलक, आयमुलक उद्योग, पेशा, व्यवसाय गरी राष्ट्रिय पुरस्कारहरु समेत प्राप्त गर्न सफल भएका उदाहरणहरु छन् ।

**१७. कोरियाको रोजगार अनुभवको प्रमाणपत्र कसरी बनाउन सकिन्छ ?**

ई.पि.एस. अन्तरगत कार्यरत सम्पूर्ण कामदारहरुलाई कामको अनुभव सम्बन्धी प्रमाणपत्र दिने व्यवस्था गरिएको छ । यस्तो प्रमाणपत्र भविष्यमा नेपालमा वा अन्य देशमा वैदेशिक रोजगारको अनुभव प्रमाणित गर्न, वैदेशीक रोजगार अनुभव बापत राज्यको तर्फबाट प्राप्त हुने छुट वा सुविधा प्राप्त गर्न तथा भविष्यमा आफ्नो अनुभवसंग सम्बन्धित कुनै क्षेत्रमा रोजगारीको लागि महत्वपूर्ण प्रमाण हुनसक्दछ । तसर्थ सबैले आफू फर्कनु अगावै सहज तरिकाले दिइने यस्तो प्रमाणपत्र लिनु राम्रो हुन्छ । यस्तो प्रमाण पत्र एच.आर.डि. कोरियाको वेबसाइट www.eps.go.kr मा login गरी प्राप्त गर्न सकिन्छ । यस सम्बन्धमा कुनै कठिनाई भएमा आफूलाई पायक पर्ने स्थानको HRD Office, Foreign Workers Support Center वा Foreign Migrant Centers मार्फत सहयोग प्राप्त गर्न सकिन्छ ।

**१८. कामदारलाई स्वदेश पुर्नस्थापनामा सहयोग पुग्ने के कस्ता तालिमहरुको व्यवस्था छ र कसरी सहभागि हुन सकिन्छ ?**

३ वर्षभन्दा बढी कोरिया बसेका कामदारहरुको क्षमता तथा सीप विकासका लागि HRD कोरियाले विभिन्न तालिमहरुको व्यवस्था गरेको छ । प्रत्येक आइतवार शुल्क नलाग्ने गरी सञ्चालन हुने यस्ता तालिमहरुमा हेभिउपकरण ड्राइभिङ्ग, गाडीमर्मत, वेल्डिङ, विद्युत तथा विद्युतीय उपकरण मर्मत, कोरियन खाना तथा विभिन्न प्रकारका पाउरोटी बनाउने आदि पर्दछन् । निवेदकको रुचि बमोजिम आवश्यक समन्वय गरी कृषि तथा पशुपालन विषयमा समेत तालिम प्राप्त गर्न सकिन्छ । थप जानकारीका लागि HRD कोरियाको पायक पर्ने तालिम केन्द्र वा Support Center मा सम्पर्क गर्न सकिन्छ ।

**Embassy of Nepal, Seoul**
(Seongbuk Dong) 19, Seonjamro 2Gil,
Seongbuk Gu, Seoul, Korea
Tel : +82-2-3789-9770/1
Fax : +82-2-736-8848
Email : nepembseoul@yahoo.com
Website : www.kr.nepalembassy.gov.np

# फर्कने ई.पि.एस.कामदारहरुका लागि उपयोगी जानकारी
## (Useful Information for EPS Returnees)



Embassy of Nepal
Seoul

## फर्कने तयारीमा रहेका ई.पि.एस. कामदारहरुका लागि उपयोगी जानकारी (Useful Information for EPS Returnees)

### १. कार्यअवधि सकिएपछि स्वदेश फर्कने तयारी अन्तरगत के, के विषयहरु पर्दछन् ?

कार्यअवधि सकिएपछि स्वदेश फर्कने तयारीमा रहेका कामदारहरुलाई स्वदेश फर्कनुभन्दा ३ महिनाअगावै हुलाक मार्फत स्वदेश फिर्ता सम्बन्धी जानकारी दिइन्छ । यस अन्तर्गत स्वदेश फिर्ता अघि प्राप्त गर्नुपर्ने विभिन्न बीमा रकमहरु (थेजिकम, हवाई टिकट खर्च तथा अन्य रकम) समेतको भुक्तानी, कोरियामा काम गरेको कार्य अनुभवको प्रमाणपत्र प्राप्ती, कोरियामा काम गरी स्वदेश फर्कन लागेका कामदारहरुको समूह (रिटर्नी वर्कर नेटवर्क)मा सहभागिता र स्वदेश फर्केपछि उपयुक्त प्रकारको काममा सिफारिशका लागि नाम दर्ता गराउने रोजगारपत्र प्राप्तीको प्रक्रिया समेतका विषयहरु पर्दछन् ।

### २. स्वदेश फिर्ती अवधि समाप्ती बीमा भनेको के हो र के कस्तो अवस्थामा रोजगारदाताले फरक रकम भुक्तानी गर्नुपर्दछ ?

स्वदेश फिर्ती अवधि समाप्ती बीमा भनेको एकै रोजगारस्थानमा १ वर्षभन्दा बढी समय काम गरेर स्वदेश फर्कन लागेका विदेशी कामदारले प्राप्त गर्ने बीमा (थेजिकम) हो । यस अन्तर्गत कामदारले प्राप्त गरेको बीमा रकम आधारभुत श्रम ऐन अनुसारको वार्षिक बोनस रकमभन्दा कम भएको अवस्थामा रोजगारदाताले फरक परेको रकम भुक्तानी गर्नु पर्दछ ।

### ३. स्वदेश फिर्ती अवधि समाप्ती बीमा (थेजिकम) के कस्तो अवस्थामा के कस्तो दरले प्राप्त गर्न सकिन्छ ?

कामदारले आफूले काम गरेका सबै कम्पनीहरुमा एक वर्षभन्दा बढी अवधि कामगरी बसोवास अवधि समाप्ती वा स्वेच्छाले स्वदेश फिर्ता आदि कारणले छोडेको खण्डमा कम्पनी छोड्नुपूर्वको पछिल्लो ३ महिना अवधिमा बुझेको रकमको हुन आउने मासिक औषत बराबरको रकम १ वर्षको लागि थेजिकम वापत प्राप्त हुने रकम हुन्छ । रोजगारदाताले साधारण तलवको ८.३ प्रतिशत साम्संग ह्वाजेमा जम्मा गरेको हुन्छ । साम्सुंग ह्वाजेमा जम्मा रकम सोधपुछ गरी आफुले पाउनुपर्ने रकम भन्दा कम भएको खण्डमा रोजगारदातासंग भुक्तानीको लागि अनुरोध गर्न सकिन्छ ।

### ४. साम्सुंग ह्वाजेमा रहेको स्वदेश फिर्ती अवधि समाप्ती बीमा (थेजिकम) प्राप्त गर्न के कस्ता प्रकिया अवलम्वन गर्नुपर्दछ र के कस्ता कागजातहरु आवश्यक पर्दछन्?

साम्सुंग ह्वाजेमा रहेको **स्वदेश फिर्ती अवधि समाप्ती बीमा** (थेजिकम) प्राप्त गर्न फर्कने कन्फर्म हवाई टिकटको प्रति संलग्न गरी सम्बन्धित जबसेन्टरमा नेपाल फिर्तीको (출국신고) (departure report) जानकारी गराउनु पर्छ । यस्तो जानकारी पाए पछि जबसेन्टरले दिने वास्तविक फिर्ती सम्बन्धी पत्र 출국예정사실확인(fact confirmation of departure schedule) प्राप्त गर्ने र तोकेको बैंक केइबी हाना बैंक, सिन्हान बैंक, उरी बैंक मध्ये कुने एक बैंकमा गएर 거래외국환지정신청서(Application of Designated Foreign Exchange Transaction) निवेदन दिई सम्झौता गरी सो सम्झौताको प्रति लिने । यस पछि बीमा दावी गर्ने सम्बन्धी तीन थरी फर्महरु भर्नुपर्दछ । यति गरेपछि साम्सुंग ह्वाजेको बीमा रकम भुक्तानी सम्बन्धी प्रक्रियाका लागि बीमा आवेदन पत्र अर्थात तीन प्रकारका विमा फर्म 보험금신청서 3 장 ○ (Insurance Application Form-3), जबसेन्टरले दिने प्रस्थानको पुष्टिगर्ने कागजात 출국사실확인서 (Fact Confirmation of Departure), बैंकसंग भएको सम्झौता (거래외국환지정신청서) (Application for Designated Foreign Exchange Transaction), एलाइन कार्डको फोटोकपी (외국인등록증사본) (Copy of Alien Card), पासपोर्टको फोटोकपि (여권사본), बैंक खाताको फोटोकपि 통장사본 (Copy of Bank book), र हवाई टिकट समेतका कागजातहरु साम्संग ह्वाजेमा आफैं गई बुझाउने वा No. 0505-161-1421 मा फ्याक्स गरी पुगे/नपुगेको बुझ्नु पर्दछ । यस प्रक्रियामा कुनै अस्पष्टता भएमा कम्पनी व्यवस्थापन, जबसेन्टर, माईग्रेन्ट सेन्टरको सहयोग लिन सकिन्छ ।

### ५. आफुले नियमानुसार प्राप्त गर्नुपर्ने स्वदेश फिर्ती अवधि समाप्ती बीमा (थेजिकम) रकम कम्पनीले साम्सुंग ह्वाजेमा जम्मा गरे, नगरेको कसरी थाहा पाउन सकिन्छ ?

कम्पनीले साम्सुंग ह्वाजेमा जम्मा गरेको बीमा रकम कामदारले आफ्नो आइडी (I.D.) लगइन गरी आफैंले हेर्न सकिन्छ वा साम्सुंग ह्वाजेको फोन नं. ☎ 02-2261-8400+14 मा सम्पर्क गरी पनि बुझ्न सकिन्छ । साथै आइतबार खुल्ने नजिकको बैदेशिक सहयोग केन्द्रको सहयोगमा समेत बुझ्न सकिन्छ ।

### ६. कम्पनीले साम्सुंग ह्वाजेमा जम्मा गरेको रकम आफुले पाउनुपर्ने भन्दा कम भएमा कसरी दावी गर्न सकिन्छ?

कम्पनीले साम्सुंग ह्वाजेमा जम्मा गरेको रकम आफुले पाउनुपर्ने भन्दा कम भएमा कामदारले सम्बन्धित कम्पनी वा रोजगारदातासंग सिंधै सम्पर्क गरी रकम दावी गर्न सकिन्छ । यसरी दावी गर्दा आवश्यकतानुसार आफ्नो मासिक पारिश्रमिक भुक्तानीको बैंक स्टेटमेन्ट वा सिधै नगद भुक्तानी गरेको अवस्थामा कार्यदिन र प्राप्त रकम सम्बन्धी आफ्नो कुनै टिपोट प्रमाण पेश गर्नु पर्ने अवस्था हुनसक्छ ।

### ७. स्वदेश फिर्ती अवधि समाप्ती बीमा (थेजिकम) कहाँ कहाँबाट प्राप्त गर्न सकिन्छ साथै सो का लागि के गर्नुपर्दछ ?

कामदारले स्वदेश फिर्ती अवधि समाप्ती बीमा (थेजिकम) आफू फर्कने दिन विमानस्थलको अध्यागमन काउन्टर पार गरी सो स्थानमा रहेका बैंकहरुबाट वा स्वदेश फर्केपछि स्वदेशमा रहेको आफ्नै बैंक खाता मार्फत प्राप्त गर्न सकिन्छ । आफूले बीमा रकम कहाँबाट प्राप्त गर्ने भन्ने विषय साम्सुंग ह्वाजेमा बीमा रकम भुक्तानीका लागि आवेदन गर्दाकै बखत बीमा आवेदन फर्ममा स्पष्ट उल्लेख गर्नु पर्दछ ।

### ८. स्वदेश फर्कने दिन विमानस्थलवाट बीमा रकम (थेजिकम समेत) लिन के गर्नु पर्दछ ?

साम्सुंग ह्वाजेमा बीमा रकम भुक्तानीका लागि आवेदन गर्ने बेलामै स्वदेश फर्कने दिन विमानस्थलबाट भुक्तानी लिने भनेर उल्लेख गरेर आवेदन गरेको अवस्थामा साम्सुंग ह्वाजेबाट सो सम्बन्धी कागजात अर्थात बीमा रकम भुक्तानी लिने सम्बन्धी प्रमाण उपलब्ध हुन्छ ।

स्वदेश फर्कने दिन विमानस्थल पुगेपछि सबभन्दा पहिले एयरपोर्टस्थित चेकईन भन्दा बाहिर रहेको आफ्नो सम्बन्धित बैंक काउन्टरमा पासपोर्ट, हवाईटिकट र बीमा कम्पनीबाट प्राप्त बीमा रकम भुक्तानी लिने सम्बन्धी प्रमाण संलग्न गरी पेश गर्नु पर्दछ । यस्ता प्रमाण जाँचबुझ गरी सो बैंक काउन्टरले रकम भुक्तानीका लागि सटही आदेश पत्र (चेक) दिन्छ । कामदारले अध्यागमन पार गरेपछि आफ्नो सम्बन्धित बैंक काउन्टरमा गई अघि विमानस्थलको वाहिरको बैंक काउन्टरले दिएको (सटही आदेश पत्र) चेक बुझाएपछि आफुले चाहेको विदेशी मुद्रामा तुरुन्तै रकम प्राप्त गर्न सकिन्छ ।

### ९.सार्वजनिक बिदा (रातो बिदा) परेमा एयरपोर्टमा थेजिकमको पैसा बुझ्न सकिन्छ वा सकिदैन?

विमानस्थलमा रातो बिदाको दिन पनि काउन्टर खुल्ला रहने हुँदा थेजिकम रकम बुझ्न सकिन्छ ।

### १०. कुनै कारणवश स्वदेश फर्किनु अघि विमानस्थलबाट बीमा रकम भुक्तानी हुन नसकेमा वा भुक्तानीका लागि आवेदन नगरेको अवस्थामा कामदारले बीमा रकम कसरी प्राप्त गर्न सक्दछ ?

यदि कुनै कारणवश एयरपोर्टबाट भुक्तानी प्राप्त हुन नसकेमा वा कोरियामा भुक्तानी प्रकृया पुरा नहुँदै नेपाल फर्कनु परेमा वा कोरियामा रहदा बीमा भुक्तानी आवेदन नगरेको अवस्थामा समेत ई.पि.एस. सेन्टर नेपालमा निवेदन दिएर आफ्नो नाममा नेपालमा रहेको विदेशी मुद्रा प्राप्त गर्न मिल्ने खाताको माध्यमबाट रकम प्राप्त गर्न सकिन्छ ।

### ११. स्वदेश फिर्ती खर्च बीमा (हवाई टिकट खर्च) कहिले र कसरी प्राप्त हुन्छ?

स्वदेश फिर्ती खर्च बीमा (हवाई टिकट खर्च) रकम खरिद गरिएको आफ्नो फर्कने हवाईटिकट सम्बन्धी विवरण पेश गरे पश्चात साम्सुंग ह्वाजेबाट प्रस्थान अगावै प्राप्त गर्न सकिन्छ ।

### १२. कोरियामा करार अनुसार पहिलो कार्यकाल पुरा गरी स्वदेश फर्केर पुनः ई.पि.एस. अन्तरगत कोरिया आउन के गर्नुपर्छ ?